नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन विभाग**

# राष्ट्रिय गैंडा गणना २०१५ को नतिजा सम्बन्धि प्रेस विज्ञप्ती

नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय (सचिवस्तर) को मिति २०७१।१२।२० को निर्णयानुसार अप्रिल ७, २०१५ (२०७१ चैत्र २४) देखि गैंडा गणनामा खटिने प्राविधिकहरुलाई अभिमुखीकरण तालिम सम्पन्न गरी मिति २०७१ चैत्र २८ गते देखि नेपालका प्राकृतिक वासस्थानमा एकसिंगे गैंडा पाईने संरक्षित क्षेत्रहरु चितवन राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा यीनका मध्यवर्ती क्षेत्र एवं आसपासका वन क्षेत्रमा राष्ट्रिय गैंडा गणना शुरु भै मे २, २०१५ (२०७२ बैशाख १९) मा सफलतापूर्वक सम्पन्न भएको छ ।

यस गणना कार्यमा चितवन राष्ट्रिय निकुञ्ज र पर्सा वन्यजन्तु आरक्ष क्षेत्रमा ३४ वटा हात्ती तथा प्राविधिक र सहयोगी कर्मचारीहरु गरी १७० जना जनशक्तिलाई २६ दिन, बर्दियामा १६ वटा हात्ती तथा प्राविधिक र सहयोगी कर्मचारीहरु गरी ६८ जना जनशक्तिलाई ७ दिन र शुक्लाफाँटामा ४ वटा हात्ती तथा प्राविधिक र सहयोगी कर्मचारीहरु गरी २९.जना जनशक्तिलाई ७ दिन गरी कूल जम्मा १०२४ हात्ती दिन र मानव शक्ति जम्मा दिन ५०९९ परिचालन गरिएको थियो ।

गैंडा गणना कार्यलाई वैज्ञानिक एवं व्यवस्थित गरी कुनै गैंडा नछुटुन र नदोहोरिउन भन्ने मान्यताका साथ गैंडाको वासस्थान रहेको ब्लकमा प्रत्येक १००/१०० मिटरको दुरीमा भौगोलिक सूचना प्रणाली, जि.पि.एस. रिसिभर युनिट, दुरविन, वाकीटकी, एन्रोइड मोवाइल फोन र डिजिटल क्यामरा लगायतका आधुनिक उपकरणहरु सहितका प्राविधिक हात्तीमा बसेर स्वीप गर्दै प्रत्यक्ष गणना विधिबाट गैंडा गणना गरिएको थियो । यस क्रममा गैंडाको लिङ्ग र उमेर समुह पहिचान गरी बिवरण संकलन गर्नुका साथै गैंडाको वासस्थानको अवस्था, मिचाहा वनस्पति प्रजाति र मानवीय क्रियाकलाप सम्बन्धि तथ्यांक समेत संकलन गरिएको थियो ।

राष्ट्रिय गैंडा गणना २०१५ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको संयोजकत्व एवं वन विभाग, नेपाली सेना, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष र डब्लु डब्लु एफ नेपालको सहकार्यमा सम्पन्न भएको छ । यस कार्यमा सम्बन्धित जिल्ला वन कार्यालयहरु, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, सामुदायिक वन लगायत स्थानिय सरोकारवाला संघ संस्थाहरुको समेत प्रत्यक्ष रुपमा संलग्नता रहेको थियो । राष्ट्रिय गैंडा गणना २०१५ सफलतापूर्वक सम्पन्न गर्नका लागि आवश्यक आर्थिक सहयोग (करिव नब्बेलाख नेपाली रुपैया) WWF Nepal, AREAS र USAID funded हरियो वन कार्यक्रमबाट प्राप्त भएको थियो ।

राष्ट्रिय गैंडा गणना २०१५ मा संकलन भएका बिवरणहरुको बिश्लेषणबाट नेपालमा प्राकृतिक वासस्थानमा निम्नानुसार ६४५ वटा एकसिंगे गैंडा रहेको यकिन भएको छ ।

| क्र.सं. | वासस्थान | लिङ्ग | | | उमेर समूह | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | भाले | पोथी | नछुट्टीएको | बयस्क | अर्धबयस्क | बच्चा | |
| १ | पर्सा वन्यजन्तु आरक्ष र वरिपरीको वन क्षेत्र | १ | ० | २ | ३ | ० | ० | ३ |
| २ | चितवन राष्ट्रिय निकुञ्ज र वरिपरीको वन क्षेत्र | १७० | २२५ | २१० | ४३४ | ५५ | ११६ | ६०५ |
| ३ | बर्दिया राष्ट्रिय निकुञ्ज र वरिपरीको वन क्षेत्र | ६ | ९ | १४ | २० | ४ | ५ | २९ |
| ४ | शुक्लाफांटा वन्यजन्तु आरक्ष र वरिपरीको वन क्षेत्र | १ | ३ | ४ | ५ | १ | २ | ८ |
| | **कूल जम्मा** | १७८ | २३७ | २३० | ४६२ | ६० | १२३ | ६४५ |

नेपालमा सन् २०११ मा गरिएको गैंडा गणनाको तुलनामा चितवनमा ५०३ बाट संख्या वृद्धि भई सन् २०१५ मा ६०५, बर्दियामा २४ बाट २९, शुक्लाफाँटा वन्यजन्तु आरक्षमा ७ बाट ८ र पर्सा वन्यजन्तु आरक्षमा सन् २०१५ मा ३ समेत गरी २०१५ मा नेपालको गैंडाको संख्यामा जम्मा १११ ले वृद्धि भएको छ ।

राष्ट्रिय गैंडा गणना २०१५ सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा अहोरात्र खटिएका हात्ती तथा हात्तीसार कर्मचारी, प्राविधिक एवं सुरक्षाकर्मी, व्यवस्थापनमा खटिएका कर्मचारी, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, उपभोक्ता समूह/समिति तथा सामुदायिक वनका पदाधिकारीहरु, स्थानीय संघ संस्था एवं उपभोक्ताहरु, पर्यटन व्यवसायी, सञ्चारकर्मी महानुभावहरु लगायत प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पु-याउनु हुने सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै निरन्तर सहयोगका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु डब्लु एफ नेपाल, युएसएआईडीको सहयोगमा सञ्चालित हरियो वन कार्यक्रम लगायतका सहयोगी संघ संस्थालाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

नेपालले तेस्रो पटक वैशाख २०, २०७१ देखि वैशाख १९, २०७२ सम्मको ३६५ दिन सम्म गैंडाको शुन्य चोरी शिकार हुनु हामी सवैको लागि गौरवको विषय हो । यो सफलता हासिल गर्नका लागि अहोरात्र फिल्डमा खटिएर अतुलनिय योगदान गर्ने कर्मचारी एवं नेपाली सेना, नेपाल प्रहरी, नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्युरो, सशस्त्र प्रहरी वल एवं स्थानीय प्रशासन लगायतका नेपाल सरकारका विभिन्न सरकारी निकायहरु, स्थानीय समुदाय र सहयोगी संघ संस्थाहरु, पर्यटन व्यवसायी, सञ्चारकर्मी, राजनैतिक दल, नागरिक समाज, चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणको लागि राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा कानून कार्यान्वयन गर्ने निकायहरु, प्रत्यक्ष र परोक्षरुपमा सहयोग पु-याउनु हुने महानुभावहरुलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन विभागको तर्फबाट हार्दिक धन्यवादका साथै बधाई ज्ञापन गर्दछु । अन्तमा नेपालको जैविक विविधता संरक्षणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी भई योगदान पु-याउन आम समुदायलाई हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।

गोपाल प्रकाश भट्टराई
संयोजक, प्राविधिक समिति, राष्ट्रिय गैंडा गणना २०१५
एवं
इकोलोजिष्ट, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
*टुर मुकाम, सौराहा चितवन*
*२०७२ बैशाख २२ गते मंगलबार*